स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



यसपालिको दशैंको फूलपातीबाट प्रदर्शनमा आउन लागेको फिल्म 'माइतीघर'को शीर्ष गीत 'वसन्त नै बस्न खोज्छ यहाँ लोलाएर' सार्वजनिक गरिएको छ। यस गीतकी मूल गायिका आशा भोसले हुन् भने यसपटक भारतीय गायिका सञ्जीवनीले स्वर दिएकी छन्। गीतको भिडियोमा फिल्मका दुई मुख्य अभिनेत्री उपासना सिंह ठकुरी र श्यामाश्री शेर्पाको आकर्षक नृत्य देख्न सकिन्छ।

**आजको विचार...**



सङ्गति...
*(दुई पेजमा)*

जगन्नाथ पन्त



कतिपय कलाकार फिल्ममा आफ्नो भूमिका लामो हुनपर्ने मान्यता राख्छन्। नायिका वर्षा सिवाकोटी यो मामलामा फरक सोच राख्छिन्। भूमिका लामो होस् या छोटो, त्यो दमदार हुनुपर्ने उनको तर्क छ। 'माग्ने राजा'मा उनको भूमिका यसअधिका फिल्मको तुलनामा छोटो छ। नायिका वर्षा भने भूमिका छोटो भए पनि अर्थपूर्ण रहेको सुनाउँछिन्। फिल्ममा उनले मुख्य मात्र माग्ने राजा (केदार घिमिरे)को सहयोगी र श्रीमती (माग्ने रानी)को भूमिका निर्वाह गरेकी छन्।

❐ वर्ष ३१ ❐ अंक ४४ ❐ २०८२ भदौ १४ गते शनिबार 30 August 2025, Saturday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## सक्षिप्त समाचार

### तुफानको कहर ५ को मृत्यु

(रासस/एएफपी)

**ब्याङ्कक,** भदौ १३/थाईल्यान्डको उत्तरी क्षेत्रमा आएको तुफान 'काजिकी' ले पहिरो र बाढी ल्याउँदा हालसम्म पाँच जनाको मृत्यु भएको छ भने १५ जना घाइते भएका छन् । मौसम विभागले यस क्षेत्रभर अझै केही दिनसम्म भारी वर्षा जारी रहने पूर्वानुमान गरेको छ । काजिकी तुफानले भियतनाम, लाओस, थाईल्यान्ड जस्ता देशहरूमा बाढी, पहिरो र ठूलो क्षति गर्न सक्छ । 'काजिकी' भन्ने शब्द जापानी भाषा हो, जसको अर्थ एउटा समुद्री माछा हो । यो तुफानले सोमबार भियतनाममा प्रवेश गरेपछि हजारौं मानिसलाई सुरक्षित स्थानमा सारिएको थियो । त्यसपछि यो लाओस हुँदै थाईल्यान्डको उत्तरतर्फ सरेको थियो, जहाँ यसले ठूलो मात्रामा क्षति पुर्‍याएको हो । थाईल्यान्डको प्रकोप व्यवस्थापन तथा न्यूनीकरण विभागका अनुसार, १२ वटा उत्तरी प्रान्तहरूमा तुफानको असर परेको छ । नान, चिआङ राई र मे हङ सोन जस्ता क्षेत्रमा अचानक बाढीकम कारण धेरै गाउँहरू सम्पर्कविहीन बनेका छन् ।

# लिपुलेकबारे भारत र चीनको सहमतिप्रति सांसदहरुको आपत्ति

**हाम्रा सवाददाता**

**पाल्पा,** भदौ १३/नेपालको भूमि लिपुलेकबाट पुन: व्यापार सञ्चालन गर्ने चीन-भारतको द्विपक्षीय सहमतिका विरुद्धमा सांसदहरुले आपत्ति जनाएका छन् । शुक्रबारको प्रतिनिधिसभा र राष्ट्रिय सभाको बैंठकमा बोल्ने सांसदहरूले नेपाली भूमि लिपुलेक क्षेत्रबाट व्यापारिक नाका खोल्नेगरी छिमेकी मुलुक चीन र भारतबीच भएको सहमतिप्रति आपत्ति जनाएका थिए ।

उनीहरुले यो विवादको समाधानका लागि गम्भीर भएर कूटनीतिक पहल थाल्न सरकारको ध्यानाकर्षण समेत गराएका छन् । छिमेकी देश चीन र भारततर्फ निकट



भविष्यमा हुन गइरहेको प्रधानमन्त्रीको औपचारिक भ्रमणका क्रममा सीमा विवादको विषयलाई त्रिपक्षीय सहमतिबाट टुङ्ग्याउने गरी पहल थाल्नुपर्ने सुझाव उनीहरूले दिएका छन् । प्रतिनिधिसभाको बैठकमा सांसद महेश बस्नेतले नेपालको भूभाग लिपुलेक, कालापानी र लिम्पियाधुरा क्षेत्रलाई नेपालको सहमति बिना नै छिमेकी राष्ट्र भारत र चीनले व्यापारिक केन्द्र बनाउने सहमति आपत्तिजनक रहेको बताए । सांसद राजेन्द्रकुमार केसीले प्रधानमन्त्री केपी शर्मा ओलीको आसन्न चीन भ्रमणका क्रममा उक्त सम्झौताबारे छलफल गर्न र छलफल फलदायी बनाउनुपर्ने बताए । सांसद गणेश पराजुलीले महाकालीपारिका लिपुलेक, लिम्पियाधुरा र कालापानी क्षेत्र नेपालको अविभाज्य भूभाग भएकोमा आफ्नो दल दृढ रहेको बताए । उनले चीन-भारत सहमतिबारे चीन भ्रमणअघि स्पष्ट पार्न र राष्ट्रियताको सन्दर्भमा साझा अवधारणा बनाउन सरकारसँग माग गरे । उनले १८१६ को सुगौली सन्धिबाट काली नदी नेपालको पश्चिमी सीमा भएको ऐतिहासिक तथ्य विवादको विषय बन्न नसक्ने बताए । लिम्पियाधुरा काली नदीको उद्गमस्थल भएको र यही नदी नेपालको पश्चिमी सीमा भएको विभिन्न प्रमाणले पुष्टि गर्ने उनको भनाइ छ । नेपालको प्रत्यक्ष सहभागिता र सहमतिबिना भारत र चीनबीच गरिएको कुनै पनि सम्झौता वैधानिक नहुने उनको जिकिर छ । यस्तै राष्ट्रियसभाको बैठकको विशेष समयमा भाग लिर्दै नेपाली कांग्रेसका सांसद पदमबहादुर परियारले प्रधानमन्त्रीको चीन भ्रमणका क्रममा लिपुलेक, लिम्पियाधुरा र कालापानी सीमा विवादको विषयलाई गम्भीर रुपमा उठाइनुपर्ने धारणा व्यक्त गरे । नेपालले यस विषयमा चीन र भारत दुवै मुलुकलाई एकै ठाउँमा राखेर समस्याका समाधान खोजिनुपर्ने उनको भनाइ छ । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का सांसद सुरेशकुमार आलेमगरले भारत र चीनले नेपालको भूमि लिपुलेक हुँदै व्यापार गर्ने कुरामा नेपालको विमति रहेको बताए । छिमेकी देशहरूले नेपालको भूमिसँग सम्बन्धित विषयमा सहमति गर्नेक्रममा नेपाललाई वेवास्ता गरेकोमा आपत्ति व्यक्त गर्दै उनले कूटनीतिक प्रक्रियाबाट समस्या समाधान गर्न सरकारको ध्यानाकर्षण गराए ।

अर्का सांसद वामदेव गौतमले प्रधानमन्त्री केपी शर्मा ओलीको आसन्न चीन र भारत भ्रमणका क्रममा सीमा विवादको विषयलाई गम्भीर रुपमा उठाइनुपर्ने र सीमा विवादसम्बन्धी समस्या दिगोरुपमा समाधान गर्न सरकारले तत्पराता देखाउनुपर्ने धारणा व्यक्त गरे । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का सांसद गङ्गाकुमारी वेल्वासेले नेपालप्रति भारतले हेपाहा व्यवहार देखाउने गरेको टिप्पणी गर्दै नेपाल र भारतबीच नागरिकस्तरमा बलियो सम्बन्ध स्थापित रहे पनि विभिन्न कालखण्डमा भएका असमान सन्धिका कारण समस्या सिर्जना भएकाले त्यसलाई सच्याउन पहल गर्नुपर्नेमा जोड दिए ।

## होडिङ्ग बोर्डमार्फत विज्ञापन गर्दा के गर्ने ?

**विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ अनुसार,**

-होर्डिङ्ग बोर्ड राख्न र त्यसमा विज्ञापन गर्न स्थानीय तहबाट अनुमति लिनुपर्ने,
-अनुमतिपत्रको लागि सम्बन्धित स्थानीय तहको कार्यालयमा निवेदन दिनुपर्ने,
-स्थानीय तहले प्रचलित कानून बमोजिम मनासिव देखेमा अनुमतिपत्र दिनुपर्ने,
-अनुमति दिंदाकै समयमा राजश्व संकलन गर्ने,
-अनुमतिको अवधि समाप्त भएपछि त्यस्तो होडिङ्ग बोर्ड हटाउनुपर्ने व्यवस्था छ ।

त्यसैले अनुमति प्राप्त गर्न :
स्थानीय तहमा निवेदन दिऊँ.

-अनुमतिपत्र प्राप्त नगरी होर्डिङ्ग बोर्ड नराखौं वा राख्न नदिऔं,
-अनुमति प्राप्त नगरी राखिएका होर्डिङ्ग बोर्ड तत्काल हटाऔं,
-अनुमति प्रदान गर्दा अनुमति शुल्क, बहाल वा बहालकर, विज्ञापन कर लिने गरौं

बाह्य विज्ञापनलाई स्थानीय तह र प्रदेश सरकारको आम्दानीको स्रोत बनाऔं

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# इँटा उद्योगले बनायो स्वरोजगार

**तुलसीपुर (दाङ),** भदौ १३/यहाँको तुलसीपुर उपमहानगरपालिका-१८ विजौरीकी सीता घर्ती मगरलाई विगतमा घर चलाउन पनि धौधौ थियो । घरमा गरिएको खेतीले छ महिनाभन्दा बढी खान पुग्दैनथ्यो । तर, अहिले स्थानीय इँटा उद्योगमा काम गर्न थालेपछि दैनिकी चलाउन सहज भएको छ ।



सोही वडाको जय श्री हनुमान फिक्स चिम्नी इँटा उद्योगमा तीन वर्षदेखि काम गरिरहेकी मगरले दैनिक सात सयदेखि एक हजारसम्म आम्दानी गर्दै आएकी छन् । "पहिले घरमा खाना समेत पुग्ने अवस्था थिएन", उनले भनिन्, "तर, अहिले इँटा उद्योगमा काम गर्न थालेपछि सहज भएको छ ।" उनी सोही उद्योगमा इँटा बोक्ने काम गर्छिन् । मगरले भनिन्, "२८ वटा इँटा बोकेपछि छ पाइन्छ । यसरी दिनभरि बोक्दा सोही कमाई हुन्छ । इँटा बोकेर आएको रकमबाट दुई छोरा, दुई छोरीलाई पालनपोषण र पढाइलेखाइ गराइरहेकी छु ।" रोल्पा रुन्टीगढी गाउँपालिका-८ निवासी नरबहादुर परियारलाई पनि सोही इँटा उद्योगले स्वरोजगार बनाएको छ । उनले त्यही उद्योगमा इँटा बोक्ने काम गर्न थालेको पाँच वर्ष भयो । उनले एकयाममा दुई लाख ५० हजारसम्म कमाउने गरेको बताए । "विगतका वर्ष असोजदेखि असारसम्म उद्योग सञ्चालन हुने गर्थ्यो । तर, अहिले बर्सातमा पनि सञ्चालन भएकाले अलि बढी आम्दानी गर्न सकिने आशा छ", उनले भने । विगतमा एक सिजनमा करिब एक लाख ५० हजारसम्म आम्दानी हुने गरेको जनाउँदै परियारले अहिले बर्सातमा पनि उद्योग सञ्चाचलन भएकाले आम्दानी पनि बढ्ने बताए । उनले दैनिक एक हजारदेखि एक हजार ८०० सम्म आम्दानी गर्दै आएका छन् । कैलालीका रामदयाल चौधरीले पनि काँचो इँटा बनाउने काम गरिरहेका छन् । उनीसँगै श्रीमतीलाई पनि सोही काममा लगाएका छन् । श्रीमान् र श्रीमती दुवै जनाले गरेर दैनिक एक हजार ५०० देखि दुई हजारसम्म आम्दानी गर्छन् ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## विश्व बेपत्ता विरुद्ध दिवसको सार्थकता

हरेक वर्ष ३० अगस्टमा विश्वभर जबर्जस्ती बेपत्ता पारिएका व्यक्तिहरूको सम्झनामा विश्व बेपत्ता दिवस मनाउने गरिन्छ । सोही अनुसार आज नेपालसहित विश्वभर यो दिवस मनाइँदै छ । पहिलो पटक सन् १९८१ को जूनमा ल्याटिन अमेरिकी देश कोस्टारिकामा जबर्जस्ती बेपत्ता पारिएका व्यक्तिहरूको सम्झनामा यो दिवस मनाएको इतिहास छ । मनाउनुको मतलब यो कुनै उत्सव नभएर बेपत्ता बनाइएका व्यक्तिहरूको स्मरण गर्नु हो ।

यसरी बेपत्ता बनाइएकाहरूको संख्या विश्वभर कति छ भन्ने यकीन तथ्याङ्क भने छैन । तैपनि सबैभन्दा बढी बेपत्ता बनाइनेमा आन्तरिक तथा बाह्य द्वन्द्व बेहोरेका मुलुक छन् । बेपत्ता पारिनेमा सर्वसाधारण नागरिक हुने भए पनि बेपत्ता पार्नेहरूमा भने मूलतः राज्य, विभिन्न उद्देश्यका विद्रोही पक्ष, आफ्ना मत र विचारमा सहमत नभएका तथा विभिन्न आपराधिक समूह लगायत हुने गर्छन् । नेपालमा विगतमा भएको १० वर्षे लामो सशस्त्र द्वन्द्वका क्रममा सुरक्षा फौज र माओवादीबाट ठूलो सङ्ख्यामा नागरिक बेपत्ता पारिएको थियो । सशस्त्र द्वन्द्वपछि शान्तिसम्झौता भएको लामो समय बितिसक्दा पनि राज्य र विद्रोही पक्षबाट बेपत्ता पारिएका मानिस अझै सम्पर्कमा आएका छैनन् । सशस्त्र द्वन्द्वपछि शान्तिसम्झौता भएको लामो समय बितिसक्दा पनि राज्य र विद्रोही पक्षबाट बेपत्ता पारिएका मानिस अझै सम्पर्कमा आएका छैनन् ।

यसरी जबर्जस्ती बेपत्ता पारिने घटना संसारभर कुनै न कुनै रूपमा भइरहेका छन् । राष्ट्रसंघकै आह्वानमा जबर्जस्ती बेपत्ता पारिएका व्यक्तिलाई सम्मान र सम्झना दिन हरेक वर्ष ३० अगस्टलाई विश्व बेपत्ता विरुद्धको दिवसका रूपमा मनाउने गरिन्छ । संयुक्त राष्ट्रसंघ, एम्नेस्टी इन्टरन्याशनल लगायत अन्तर्राष्ट्रिय संगठनले जबर्जस्ती बेपत्ता पार्ने कार्य गम्भीर अपराध भएको र द्वन्द्वको अवस्थालाई उपकरणका रूपमा प्रयोग गर्न दिनुहुन्न भन्ने सन्देश दिन यो दिवस मनाउने गरिन्छ । यद्यपि यसको रोकथाममा आशा अनुरूप सफलता मिल्न भने सकेको देखिँदैन् । यो अत्यन्त दुखको कुरा हो । सत्य तथ्यको खोज गरी पीडित र पीडतको परिवारको पीडालाई सम्बोधन गर्न सके मात्र हरेक वर्ष मनाइँने विश्व बेपत्ता दिवसको सार्थकता रहन्छ । अन्यथा दिवस औपचारिकतामै सिमित बन्न पुग्दछ ।

## Opinion @ Social Network

समय सबैको एकै हुन्न नि
एउटै हांगाको फुल त फरक समयमा फुलिदिन्छ।
(पारस खड्काको फेसबुक स्टाटसबाट www.facebook.com/Paras.Khadka)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सङ्गति विसङ्गति



**जगन्नाथ पन्त**

*हुनेखाने सम्पन्नलाई सधैं दशैं छ, हुँदा खानेलाई दशै दशा छ । तिहारमा पनि हुने, भोग्ने त्यस्तै त्यस्तै हो । त्यसैले पर्वका कुरा यहि छोडेर अलिकति धर्मकर्म, मर्मलाई जोडौं । पुण्य कार्य गरे स्वर्ग पाईन्छ, पाप कर्म गरे नर्कमा परिन्छ, पुराण कथामा सुनेको यहि त हो । अलि विद्वान वाचकले बैकुण्ठ र गौलोकका पनि चर्चा गर्छन् । अभाव, दवाव, भेदभावमा रहनु, असाध्य रोग लाग्नु, अज्ञानता, संशय, भ्रममा जीउनु नर्क हो ।*

लेख्ने रुचि र जाँगर नचलेर छ, आठ महिना लेखिन । अरुले लेखेका पढ्दा ति पो लेख, मैले लेख्नै जानेको छैन् भन्ने पनि लागि रह्यो । तर पनि सोचे अरुले रुचाए नि नरुचाए पनि आफुले आफुलाई रुचाए भयो नि । आफैसँग प्रसन्न हुनु सङ्गति रहेछ । अरुले गर्दा प्रसन्न हुँला भनेर सोच्नु विसङ्गति रहेछ । दुनियाँदारीबाट प्रसन्नताको आशा गर्नु असङ्गति रहेछ । असङ्गतिले थिलथिलो भएर प्रसन्नता खोज्नु काशीजानु कुतीको बाटो रहेछ । संग, साथ, संगत ,औचित्य, संगत हुनुको भाव, मेलमिलाप,सुहाउँदो सबै सङ्गति हो । वेमेल, अनौचित्य, सामञ्जस्य नहुनुको अवस्था, नमिल्दोपन, असङ्गति विसङ्गति हो । एउटा विचार जो स्वअवधारणाको मौलिक तत्वका साथ संघर्ष गर्छ, जुन असङ्गतिको एउटा महत्वपूर्ण कारण हुन पुग्छ । जस्तो कि म एउटा गतिलो व्यक्ति हूं, मैले लिएको निर्णय सहि छ, त्यसैमा ममा एउटा चिन्ता रहन्छ कि खराव निर्णय लिन जाने संभावना पनि त थियो नि । यस्तै अतिरिक्त कारण वनाउने प्रबृत्ति गर्छ, आफ्नो गराईलाई मन पराउदै समर्थन गर्छ, उचित ठहऱ्याउदै मन बुझाउँछ । यस्तै युक्ति, उपाय निकाल्छ असङ्गतिले । पर्वदेखि धर्म संम, कर्मदेखि मर्म सम्मका चर्चा गर्ने रहर लाग्यो अनि पर्व शुरु भएको मानिने नागपञ्चमी प्रसङ्गबाट शुरु गर्ने जमर्को गरे ।

नाग पञ्चमी देखी ऋषि पञ्चमी सम्म बीचमा जानैपुर्ने र तिज सबै सङ्गति र असङ्गतिले परिवेष्टित हुँदै आएका छन् । घरघरका मुख्य द्वारमा नागका चित्र टासियो, चित्रमा कोरेका नागलाई पुजियो, साच्चैका नागले कतिलाई डसेर ईहलिला सकियो । कतिका लाठीले नागका पनि लिला सकियो । नपुजी पनि रहन नसकिने, पुजेर पनि सहन नसकिने कस्तो सङ्गति- असङ्गति । जनैपुर्नेका दिन बिहान जनै घाँटीमा रात परे पछि जनै कांटीमा । यज्ञो पवित संस्कारको औचित्य कि सकियो भन्न पऱ्यो कित उपयोगिता, नियम, अस्तित्व कायम राख्नु पऱ्यो । जसले पायो भिऱ्यो, जसलाई पायो भिरायो जिम्मेवारी कसले लिने । नेवार जातिमा आफन्तको निधन भएकामा मृतात्माको चिरशान्तिको कामना र शोकमा रहेकालाई हसाइ शोकमुक्त गर्न मनाइने पर्व हो गाईजात्रा । गाईजात्राको हास्यपक्ष सरकार, संसदमा समेत सदैब देख्न, सुन्न सकिने हुँदा चर्चा गरिरहनु परेन । गाईजात्राको प्रहसन नै लजाउने गरि हुने हर्कतका विसङ्गति चर्चा गर्नु व्यर्थ छ । हरितालिकालाई हरिविजोग, हरिकङ्गाल वनाइएको कसैले रुचाएका छैनन् । तर असङ्गति रोक्ने हिम्मत कसैले गर्न पनि सकेका छैनन् । तिजका दिन निराहार ब्रत वसी नाचगान गर्न शक्ति मिलोस् भनेर अघिल्लो रात दह्रो खानपिन - चिल्लो भात, मकैबोडिमा तामा मिसाएर वनाईएको पोषिलो तरकारी । दुध घोटेर वाक्लो वनाई द्वितीयाका रात पिउने खवा वा खाने खिर पो दर थियो । अनि पो शुद्ध ब्रत हुन्थो । गोठ भरी लैना, बकेर्ना, धनसारभरी धान, हर्पेभरी घीऊ, चौठिका चौठि तेल हुँदा पनि सेतो, सिता र चिल्लो बुहारीले नपाउने अवस्थालाई माईती गएर दर खानुको महत्व थियो । आजकल त कैयौ दिन पहिले देखि पिकनिकमा जस्तै मासु, पुलाउ, अझ कसैको त वाइन पनि रे । यस्तो सधैको दर हो कि तीजको महिना आउन थाल्यो भनेर श्रीमानलाई डर हो । अझ ज्वाई, संधी, ससुरा पनि दर खाने निम्तालु कस्तो असङ्गति । भगवति माता पार्वती शिवजीसँग कति चिन्ता गर्दिहुन, शिवजीले यस्तालाई केको बरदान देलान् , यस्ताका आयू कति बृद्धि हुँदा हुन । एउटाले ब्रत गरेर अर्कालाई लाभ हुने पनि त होइन । बिधी पूर्वक ब्रत गरेको भए पनि सोको फल गर्नेलाई मात्र हुन्छ । तिजको ब्रतले महामाया भगवती प्रसन्न हुने भनेको ब्रत बस्ने महिला सँग हो । मेरा लागि पत्नीले ब्रत गरिन म स्वस्थ, सम्पन्न र दिर्घजीवि हुने भए भनेर कुनै पति मख्ख नपरेकै जाति । तिजको दिन पतिले पाउने लाभ भनेको दशौ हजारका साडि, श्रृङ्गारका सेट, दुईलाख तोलाका सुन किनिदिन, फेरिदिन नसके पनि त्यस दिन पत्नीको ब्रत नसकिदा सम्म अवगाल नखानु हो । किनकी ब्रत नै पतिका लागि त हो । ऋषि पञ्चमीको दिन अरुन्धती सहित सप्त ऋषिको पुजा गर्नाले महिलालाई परेको दोष मेटिने र प्रायश्चित्त भै लाभ मिल्ने विश्वास गरिदै आइएको छ । अरुन्धती बाहेक अरु ऋषि पत्नी महादेवका पछि लागेकाले गर्दा अरुन्धतीको मात्र पुजा गरिने र मनुष्य ऋषिहरुकै वंशज हुनुका नाताले ऋषि पुजन गरिने चलन बसेको होला । तर पनि यस्ता कथामा अनेकन भ्रम पनि विच्छ्याएर महिलालाई बोझ थुपारिएको पाईन्छ । रजश्वला स्वस्थ शरिरको एउटा प्रतिक हो । रजश्वला अर्थात् नामै मासिक धर्म । यो प्रक्रिया नियमित नहुँदो हो त कुनै पनि मानव सृष्टि नै हुने थिएन । ऋतुभि:सृज्यतेजना: ऋग्वेदको यो मन्त्रले भन्छ सन्तानको उत्पत्ति महिनावारीको चक्रबाट हुन्छ । महान संत दार्शनिक रजनिश ओशोको मान्यता छ कि जुन स्त्री र पुरुष बीचको सहवासका कारण सृष्टि हुन्छ त्यसलाई पापको संज्ञा दिनु मुर्खता हो । ऋषिहरुमा अलौकिक शक्ति र चमत्कार हुन्छ, त्यसैले ऋषि पुजन गर्नु सङ्गति नै होला । भगवानका अवतार मानिने परशुराम क्षेत्री विरोधी थिए, अठार पकट क्षेत्री जति सबैलाई काटेर सिध्याएका थिए रे परशुरामले । तर पनि क्षेत्री कसरी जन्मिइरहे । यी त्रिकालदर्शी, चमत्कारी, अलौकिक मन्त्र सिद्धि भएका ऋषिहरु नहुँदा हुन त क्षेत्री सकिएका हुन्थ्ये । ऋषिहरुमा सृष्टि लिलाको अधिकार नभएता पनि परिआउदा सृष्टिमा सहयोग गर्ने मन्त्र शक्ति वा उपचार शक्ति हुन्छ । रामको जन्म कथाबाट यसमा विश्वास गर्न सकिन्छ । भगवानले मनुस्य शरिर धारण गरेर अवतार लिदा गर्भमा बसेर जन्मलिदैनन् । जसलाई मातृ पितृ स्नेह दिनु थियो जन्मेको नाटक मंचन मात्र गरेर प्रकट भएर लिला संवरण गर्छन् भन्ने सन्तहरुका मान्यता छन् । राजा दशरथका रानीहरुमा सन्तान उत्पादन गर्ने सामर्थ थियो । तर दशरथमा थिएन । यज्ञको प्रसाद फल खाएर भगवान रामचन्द्र, भरत, शत्रुघ्न, लक्ष्मण जन्मिए कि यज्ञ गराउने ऋश्य श्रृङ्गले गुल्मीको रेशुङ्गाका जडिवुटिवाट बनाएको औषधीले काम गर्यो वा ऋषिले मन्त्रशक्तिको कुनै उपाय गरे त्यो अरुले जान्ने कुरा भएन । भगवानको आफ्नै लिला होला । यस्तै भ्रममा परेर कति धामीझाक्री समक्ष झारफुक गर्न जाने निसन्तान पनि छन् । झारफुक र जडिवुटि खाएर सन्तान भएका पनि छन रे । भगवान र देवताका कार्य कुनै पनि अनुचित छैनन् । स्तुत्य छन् । सानै देखि सुनेका छौ, कथा सुनेर धन्य धन्य भएका छौ । भगवान् बिष्णुले बृन्दाको सत्य डगाएको कथामा महिना दिन ब्रत गरेर धन्य भएकैछौ । आफ्नी भार्या अनि उर्वसी, रम्भा, तिलोत्तमा आदि अप्सराले नपुगेर गौतम ऋषिकी पत्नी अहिल्यालाई झुक्याएर भोग गर्ने स्वर्गका राजा इन्द्रको पुजा र स्वस्ति वाचन गरेकै छौ । स्वर्गका राजा इन्द्र त त्यस्ता व्यभिचारी छन् भन्ने जान्दा जान्दै त्यहि स्वर्गको कामना गरेकै छौ । इन्द्रादि देवताको पुजा गरेर हामी धन्य छौ । कति सङ्गति कति असङगतिमा छौ । इन्द्रले ब्रह्मघात गरेको पाप ब्रह्माजीले चार ठाउँमा भाग लगाइ दिएर इन्द्रलाई सफाइ दिए रे । त्यो एक भाग स्त्री रजदोष होरे । जुन पापबाट मुक्त हुन महिलाले ऋषिपञ्चमी ब्रत , पुजा गर्दै आएका छन् । यो कति सङ्गतियुक्त छ होला ? वर्षमा तिनसय पैसठ्ठि दिनमा दिनको एक दत्तिवनले दांत सफा गर्न पनि फुर्सत नपाएका गृहणीलाई एकदिन तिनसय पैसठ्ठि दत्तिवन चपाउन लगाउने चलन अहिलेका टुथपेष्ट र ब्रस प्रयोग गर्नेले पनि अवलम्वन गर्नु सङ्गतिपूर्ण पक्कै होइन ।

हुनेखाने सम्पन्नलाई सधै दशैं छ, हुँदा खानेलाई दशै दशा छ । तिहारमा पनि हुने, भोग्ने त्यस्तै त्यस्तै हो । त्यसैले पर्वका कुरा यहि छोडेर अलिकति धर्मकर्म, मर्मलाई जोडौं । पुण्य कार्य गरे स्वर्ग पाईन्छ, पाप कर्म गरे नर्कमा परिन्छ, पुराण कथामा सुनेको यहि त हो । अलि विद्वान वाचकले बैकुण्ठ र गौलोकका पनि चर्चा गर्छन् । अभाव, दवाव, भेदभावमा रहनु, असाध्य रोग लाग्नु, अज्ञानता, संशय, भ्रममा जीउनु नर्क हो । स्वस्थ शरिर र स्वस्थमन सहित सुविधाजनक जीवन यापन गर्न पाउनु स्वर्ग हो । कुण्ठा रहित भएर जीउनु अर्थात ईर्ष्या, डाहा, लालच, निराशा, हतास, अतृप्त भावना रहित जीउनु बैकुण्ठ हो । मनलाई उच्चतम सन्तुष्टिमा राखेर जीउनु गोलोक बास हो । लौ यी कुरा होइनन् भन्ने लागेकै छ भने र बिष्णुको लोक बैकुण्ठ लोक, कृष्णको सायुज्ज लोक गोलोक, इन्द्रको लोक स्वर्ग अनि पापिष्ठ लोक नर्क नै सहि । कसैको निधन भएको दुख प्रकट गर्दै मृतात्मालाई उच्च लोकको कामना गर्ने सुझबुझले पनि स्वर्गिय फलनाको बैकुण्ठ, गोलोक बास होस भनेर भन्नु, लेख्नु पनि सङ्गति होइन ।

बैकुण्ठ वा गोलोक मिलोस पनि भन्ने अनि स्वर्गिय पनि भन्नु वेमेल हो । अझ हव्वे न कव्वे भएर नव्वे, सय काटेर निधन भएकालाई पनि असमायिक निधन भन्नु कति सङ्गति होला । आस्था, विश्वास, श्रध्दा, दया, करुणा, पुजा, पाठ, यज्ञ,दान, कर्मधर्म श्रेय हुन । यस्ता कार्यले मानवता अभिबृद्धिमा सहयोग नै हुन्छ । तर यो लोकमा रहदा दिगभ्रमित बनेर परलोक सुद्रिदैन । परमात्मा सबै जीवको आत्मामा छन्। सबैको संमान र अस्तित्व स्वीकार गरौ । आत्मसंमानित भएर जिऔं । त्यसैमा भगवान प्रसंन हुन्छन् । प्रसन्न आत्मासंग परमात्मा पनि प्रसन्न हुन्छन् । आत्मा र परमात्माको सङ्गति नै जीवनको सङ्गति हो । यहि जन्ममा रमाऔं, यहि देहलाई श्रेष्ठ बनाऔं । कुण्ठा रहित भावले जीउदै बैकुण्ठमा रमाऔं ।नमरी नपाइने लोकको चिन्ता नगरौं, जीवित रहेको स्वस्थान, अवस्थालाई सायुज्य बनाऔं । कर्मयोगि बनौं । यसैमा कल्याण छ ।

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००,
५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आत्मविश्वासमा वृद्धि हुनेछ। दाम्पत्य जीवन सुमधुर रहनेछ। | **तुला** : महत्त्वकांक्षी योजनाहरू पूरा हुनेछन्।समाजमा मान प्रतिष्ठा बढ्नेछ। |
| **वृष** : जोशले भरपुर रहनुहुनेछ। प्रतियोगी परीक्षामा सफलता मिल्नेछ। | **वृश्चिक** : पारिवारिक जिम्मेवारी बढ्नेछ। धन खर्चका योग छन्। |
| **मिथुन** : नयाँ योजना तर्फ अग्रसर भइनेछ। कलाको क्षेत्रमा सफलता मिल्नेछ। | **धनु** : नयाँ कार्यतर्फ अग्रसर भइनेछ। शेयर बजारबाट लाभ प्राप्त हुनेछ। |
| **कर्कट** : पारिवारिक सद्भाव बढ्नेछ। स्वास्थ्यलाई लिएर चिन्ता रहनेछ। | **मकर** : चलिरहेका कार्य पूरा हुनेछन्।व्यवसायमा पिताको साथ मिल्नेछ। |
| **सिंह** : आँटेका कार्य सम्पादन हुनेछन्। अध्ययनमा राम्रो उपलब्धि हात लाग्नेछ। | **कुम्भ** : देशतिरबाट शुभ सूचना प्राप्त हुनेछ। भ्रमणका योग छन्। |
| **कन्या** : मनमा शंका उत्पन्न हुनेछ। रोकिएका कार्य पुनः प्रारम्भ हुनेछन्। | **मीन** : सकेसम्म अरूलाई सल्लाह दिनबाट बच्नुहोस्। आर्थिक पक्ष सामान्य रहनेछ। |

# साहित्य दर्पण

निबन्ध — सञ्जीव पौडेल

## नेपाली समाजमा ढोंग, पाखण्ड र आडम्बर

*पाखण्डले 'वेदविरुद्ध आचरण गर्ने व्यक्ति वा सम्प्रदाय' भन्ने बुझिन्छ । मानिसले गर्ने नक्कली व्यवहार पाखण्ड हो, अर्थात् विधिलाई नमान्नेहरू जहाँ व्यक्तिको भित्री सत्य एउटा हुन्छ भने बाहिरी व्यवहार अर्कै । पाखण्डीहरू आफूलाई नैतिकवान्, धार्मिक वा इमानदार देखाउन प्रयत्न गर्छन्, तर उनीहरूको वास्तविक चरित्र त्यसको ठीक विपरीत हुन्छ । यो एक प्रकारको दोहोरो चरित्र हो ।*

नेपाली समाजमा 'ढोंग', 'पाखण्ड' र 'आडम्बर' शब्दहरू निकै प्रचलित छन् । यिनले मानिसका विभिन्न व्यावहारिक पक्षहरूलाई चित्रण गर्छन् । शब्दकोशअनुसार ढोंगले 'देखावटी काम' भन्ने अर्थ लाग्दछ । ढोंग भनेको झूटलाई साँचो र नक्कलीलाई सक्कली देखाउने एक किसिमको नाटक हो । यो त्यस्तो अवस्था हो जहाँ व्यक्तिले आफ्नो वास्तविक रूप लुकाएर अरूलाई भ्रममा पार्न खोज्छ । समाजमा यस्ता ढोंगीहरू प्रशस्तै भेटिन्छन् जसले आफ्नो स्वार्थ पूरा गर्न, अरूको सहानुभूति बटुल्न वा आफ्नो छवि सुधार्नका लागि अनेकौं जालसाजी गर्छन् । आफूलाई असल र परोपकारी देखाउन समाजसेवाको खोल ओढेर भित्रभित्रै व्यक्तिगत लाभका लागि काम गरिरहेका हुन्छन् । पाखण्डले 'वेदविरुद्ध आचरण गर्ने व्यक्ति वा सम्प्रदाय' भन्ने बुझिन्छ । मानिसले गर्ने नक्कली व्यवहार पाखण्ड हो, अर्थात् विधिलाई नमान्नेहरू जहाँ व्यक्तिको भित्री सत्य एउटा हुन्छ भने बाहिरी व्यवहार अर्कै । पाखण्डीहरू आफूलाई नैतिकवान्, धार्मिक वा इमानदार देखाउन प्रयत्न गर्छन्, तर उनीहरूको वास्तविक चरित्र त्यसको ठीक विपरीत हुन्छ । यो एक प्रकारको दोहोरो चरित्र हो । उदाहरणका लागि, धर्मको आडमा गलत कार्य गर्ने, नैतिकताका ठूला कुरा गर्ने तर आफैं अनैतिक व्यवहारमा संलग्न हुने पाखण्डका उत्कृष्ट उदाहरण हुन् । आडम्बरले देखावटी धाक वा बाहिरी ढाँचा बुझाउँछ । आडम्बर भनेको आफूमा नभएको क्षमता, सीप वा गुणलाई भएको देखाउने प्रवृत्ति हो । आडम्बरी व्यक्तिहरू आफूलाई अरूभन्दा उत्कृष्ट र शक्तिशाली देखाउन चाहन्छन्, यद्यपि उनीहरूमा त्यो क्षमता हुँदैन । उनीहरूले आफ्नो सामाजिक प्रतिष्ठा, धन वा शिक्षाको झूटो प्रदर्शन गरेर अरूलाई प्रभावित पार्न खोज्छन् । उदाहरणका लागि, ऋण काढेर महँगो गाडी चढ्ने वा अनावश्यक प्रदर्शन गर्ने, आफूलाई ठूलो विद्वान् देखाउन अनावश्यक शब्दाडम्बर प्रयोग गर्ने जस्ता व्यवहारहरू आडम्बरका सूचक हुन् । यसरी यिनीहरूको शाब्दिक अर्थ दिए पनि नेपाली परिवेशमा यिनको प्रयोग र प्रभाव अझ व्यापक रूपमा देखिन्छ । सारमा यी तीनै शब्दले झूटोपन, कपट र देखावटीपनलाई सङ्केत गर्छन् । यी शब्दहरूले व्यक्तिगत सम्बन्धदेखि सामाजिक तथा राजनीतिक क्षेत्रसम्म गहिरो असर पार्छन् । समाजमा ढोंग, पाखण्ड र आडम्बरका केही दृश्यहरू हेरौं । मृत्यु संस्कारमा विकृति देखिएको छ । भगवद्गीताले "मृत्यु नै परम सत्य हो, बाँकी सबै मिथ्या" भन्दछ । मृत्यु एउटा अन्तर्निहित सत्य हो जुन प्रत्येक प्राणीको नियति हो । तर, यस शाश्वत सत्यलाई बुझ्नुभन्दा बढी नेपाली समाजमा हामीले मृत्युका प्रसङ्गलाई 'प्रदर्शन' र 'प्रसार' को साधन बनाउने विकृति जन्माएका छौं । परिवार शोकमा डुबेको हुन्छ, आँसु सुकेका हुँदैनन्, अनि एक हुल मानिस एउटा ठूलै फ्रेम बोकेर आउँछन् । श्रद्धाञ्जलिको नाममा । त्यो फ्रेममा चिल्ला शब्दहरू लेखिएका हुन्छन् । "हामी स्तब्ध छौं", "शोकसन्तप्त परिवारमा गहिरो समवेदना"... आदि । फ्रेममा हुने यी 'शिष्ट' शब्दहरू न आत्माको शान्तिका लागि लेखिन्छन् न परिवारप्रति समवेदना व्यक्त गर्न । ती त प्रदर्शनका लागि लेखिन्छन् । समाजमा देखाउने, फोटो खिचाउने र फेसबुकको भित्तो रङ्गाउने प्रयोजनका लागि । ती फ्रेमहरू श्रद्धाञ्जलिको होइन, 'स्व-प्रचार' को साधन बन्न थालेका छन् । फ्रेम बनाउन खर्च हुन्छ । बोकेर ल्याउन समय लाग्छ । फोटो खिच्न सारा तयारी हुन्छ तर त्यो मृतकप्रति श्रद्धा होइन, 'हामी उपस्थित थियौं' भन्ने प्रमाण हो । परिवार रोइरहेको हुन्छ तर समूह हाँस्दै फोटो खिच्दै फर्किन्छ । साँचो श्रद्धाञ्जलिमा हास्य हुँदैन । यो संवेदना होइन, सञ्चारको पाखण्ड हो । त्यसपछि सुरु हुन्छ अर्को प्रहसन । फ्रेम हस्तान्तरण समारोह । उपस्थित 'डेलिगेसन' को प्रमुखले भाषण दिन्छन्, मृतकको गुणगान गाइन्छ, अनि फोटो खिचिन्छ । त्यो फोटो फेसबुक, टिकटक, इन्स्टाग्राममा पोस्ट हुन्छ । क्याप्सनमा लेखिन्छ । 'शोकमा सहभागी भयौं। अमूल्य योगदान सम्झँदै श्रद्धाञ्जलि।' । यस्तो सङ्गीतमय सार्वजनिक प्रदर्शन अब त शोक होइन, 'सोसल मिडिया इभेन्ट' बनेको छ । हाम्रो समाजमा वास्तविक भावनाभन्दा पनि 'देखावटी दया' बढ्दै छ । घरमा ती फ्रेम राख्ने ठाउँ हुँदैन, बोरामा राखेर फाल्न मन लाग्दैन, किनभने फोटो आफन्तको हुन्छ । न फाल्न सकिने न राख्न सकिने । एकजना भूतपूर्व मन्त्री लालबाबु पण्डितले बोरामा प्याक गरिएका र केही भित्ताभरि टाँगिएका फ्रेमहरू देखाउँदै भनेका थिए, 'यी फ्रेम अब राख्ने कि बाल्ने कि बोरामा हालेर विसर्जन गर्ने? यसको पनि समाजले जवाफ खोज्नुपर्छ ।' । यो सत्य हो । फ्रेमले आत्मालाई शान्ति दिँदैन । मृतकको आत्माको शान्तिको काम त उसको नाममा गरिएको पुण्यले, परिवारलाई दिइएको साथले, बाँचेका आफन्तप्रतिको सद्भाव र सहयोगले मात्र हुन्छ । हिन्दू दर्शन भन्छ, 'असत्यबाट सत्यतर्फ, अन्धकारबाट प्रकाशतर्फ, मृत्युबाट अमरत्वतर्फ लैजाऊ' तर आज हामी सत्यतर्फ होइन, 'सजावट' तर्फ लागिरहेका छौं । मृत्युलाई 'फ्रेमबद्ध' गरेर शोकको गहिराइ होइन, फोटोको 'फ्रेम रेट' हेर्न थालिएको छ । त्यस्तै बुद्धले भनेका थिए, 'संसार दु:खमय छ। दु:खको कारण तृष्णा हो ।' । यहाँ 'श्रद्धाञ्जलिको तृष्णा' देखिन्छ । मान, प्रचार, देखा पर्न खोज्ने तीव्र आकाङ्क्षा । श्रद्धाञ्जलि फ्रेम होइन, कर्म हो । शब्द होइन, भावना हो । सोसल मिडिया पोस्ट होइन, आत्मासँगको संवाद हो । राजनीतिमा पनि पाखण्ड देखिन्छ । आज हाम्रो राजनीतिमा पनि पाखण्डले गहिरो जरा गाडेर बसेको छ । भाषणमा जनताको नाम लिने नेताहरू वास्तवमा आफ्नै स्वार्थमा रुमल्लिएका हुन्छन् । अस्पतालको उद्घाटन गर्दाका तामझाम, गरिबको मलामी जाँदाका सस्तो अभिनय, मृतकप्रति समर्पणभन्दा बढी फोटो खिचाउने होड लगायत पिर्के सलामी हामीले देखेकै छौं । यी सबै राजनीतिक ढोंगका नयाँ शैली हुन् । नेताहरू आफूलाई सर्वेसर्वा र सर्वज्ञानी देखाउन खोज्छन् । उनीहरूमा आवश्यक ज्ञान, सीप वा अनुभव नभए पनि आफूलाई योग्य देखाउन अनेकौं नाटक गर्छन् । विदेशी सहयोग वा विकास आयोजनाको श्रेय लिनका लागि अनावश्यक तामझाम र प्रचारबाजी गर्छन् । आफ्नो शक्ति र प्रभाव देखाउनका लागि अनावश्यक प्रदर्शन गर्नु पनि राजनीतिक आडम्बर हो । भनिन्छ, राजनीति ढोंगबिना टिक्दैन, शब्दमा आदर्श हुन्छ, कर्ममा स्वार्थ । धार्मिक क्षेत्रमा उस्तै आडम्बर देखिन्छ । धर्म मानिसलाई आन्तरिक शुद्धताको बाटो देखाउने माध्यम हो । तर अहिले धर्म पनि प्रदर्शनको क्षेत्र बनेको छ । ठूला माइक, झकझके लुगा, स्तुतिगान, चन्दा सङ्कलन, पण्डित-गुरुको प्रचार, उनीहरूको आडम्बर । यस्तो लाग्दै छ, "धर्म अहिले भगवान्को होइन, ब्रान्डको व्यापार बनेको छ।" । बुढापाकाहरूले भन्ने गर्थे "ढोंगले धर्म हुँदैन, रङ्ले पुजारी हुँदैन।" । बुद्धले भनेका थिए: "बाह्य क्रियाभन्दा अन्तर्मन शुद्ध हुनु धर्म हो।" । तर आज ढोंगी धर्मगुरुहरूले यति रङ्गमञ्च तयार पारेका छन् कि सत्य लुक्छ र स्वरूप केवल देखावटी पूजा मात्रै बाँकी रहन्छ । अर्को महत्वपुर्ण पक्ष सामाजिक कार्यमा ढोंग देखिन्छ । हामीले गर्ने सामाजिक कार्यक्रमहरू- विवाह, व्रतबन्ध, भात खुवाइ वा पास्नी, जन्मदिन, हामीले मनाउने चाडपर्वहरूमा पनि ढोंग र आडम्बर देखिन्छ । पर्वहरू यति महँगो हुँदै गए कि सामान्य व्यक्तिको आर्थिक हैसियतले पुग्दैन । तर ढोंग र आडम्बरका लागि पनि गर्नुपर्ने जस्तो भएको छ । आफ्नो संस्कृतिभन्दा आयातित संस्कृतिलाई अङ्गाल्न खोज्दा यस प्रकारको आडम्बर देखिएको छ । यसले समाज विचलित हुँदै छ । श्रद्धाञ्जलिको फ्रेमलाई बोरामा होइन, चेतनामा विसर्जन गरौं । धर्मको नाममा आडम्बर होइन, अन्तरात्माको शुद्धि खोजौं । राजनीतिमा स्वार्थ होइन, सेवाको साँचो मर्म बुझौं । समाजलाई देखावटी संस्कारबाट मुक्त गरौं । ढोंग, पाखण्ड र आडम्बर नेपाली समाज र राजनीतिको एक तीतो यथार्थ हो । यी प्रवृत्तिले व्यक्ति, समाज र राष्ट्रलाई नै कमजोर बनाउँछन् । सत्य, इमानदारी र पारदर्शिताले मात्रै यस्ता नकारात्मक प्रवृत्तिको अन्त्य गर्न सकिन्छ । एउटा स्वस्थ र न्यायपूर्ण समाजको निर्माण गर्न सकिन्छ । पाखण्ड त्यागौं, आडम्बर जलाऔं, ढोंगलाई यथार्थमा बदलौं ।

*-समकालीन साहित्य डटकम*

कथा — हिक्मत रावल

## सुखको परिकल्पना



हितबहादुर प्राय: बिहानै उठ्छ । उठ्नेबित्तिकै उसको दिनचर्या पूजापाठबाट रुशुरू हुन्छ । त्यसपछि छ नबज्दै गाई दुहुने, मल सोहोर्ने भनौं गाईगोठको काम सक्छ । उसको साथी भनेकै रेडियो हो । उठ्नासाथ बिहानै एफएम रेडियो खोल्छ र बेलुका सुत्न आँखा बन्द नहुन्जेल सम्म रेडियो बजिरहेको हुन्छ । पुरानो जापानी कम्पनीको त्यो साथी रेडियो ऊ गाउँ डुल्ने बेलामा पनि उसको काँधमै झुन्डिएको हुन्छ । देशविदेशका खबर सबै थाहा हुने भएकाले कतिले त उसलाई रेडियो काका भन्छन् । अझ रेडियोमा बज्ने देउडा गीतका सवाल जवाफ सुनेर एक्लै मुस्कुराउँछ र सँगैसँगै भाकामा भाका मिलाई गीत गाउन थाल्छ । आफ्नो लोग्नेको चर्तिकला देखेर पार्वती कहिले कसो झोक्किन्छे, "काम छैन यही रेडियो सुन्यो, गीत गायो भर्खरै बैंस चढे जस्तो । यसो मेलापात गएर सघानु नि मलाई ।" गीतसङ्गीत र उमेरको सम्बन्ध के हो हितबहादुरले बुझेको छैन । सुर्तीले र तमाखुले पहेँला दाँत डिच्च देखाएर "हेर, पार्वती ! तन बूढो भए पनि मन बूढो हुँदैनह अझै तन्नेरी नै हुँ जस्तो लाग्छ ।" पार्वती फेरि मकै पट्के जस्तै पट्किन थाली, "आ पातकी बूढो उमेर तीन बीस लागिसक्योह कपाल फुलेर गेडा लाग्ने बेला तन्नेरीको जोश ।" उनीहरूका दुई सन्तान शहरमा बसेर पढ्छन् । छोरी नर्सिङ सकेर विदेशको तयारी गर्दैछे ।

छोरो कक्षा बाह्रको जाँच सकेर बसिरहेको छ । घरमा दुई जना बुढाबुढी मात्रै छन् । बुढाबुढीलाई पुग्ने बाहेक बाँझो खेतमा बनामारो उम्रेको छ । गाउँमा गाडी पुगेपछि गाउँमै उत्पादन हुने धानको स्वाद जिब्रोले बिर्सिसक्यो । छोराछोरी पढेर विदेश जान्छन् अनि सुखका दिन आउँछन् भन्दै परिकल्पना गर्छन् दुवै । भित्रभित्रै खुशीले गद्गद हुन्छन् । सन्तानले कमाएर शहरमा लगाएको अग्लो घरको छतमा बसेर बुढाबुढी सुखभोग गर्ने कुरा पार्वतीले बेलाबेला हितबहादुरसँग गरिरहन्छे । ती कुराले दुवै मक्ख हुन्छन् । हुन त हितबहादुर तीन कक्षामा पढ्दापढ्दै विद्यालय छोडेको हो । पार्वती सात बहिनी मध्यकी जेठी बहिनी भएकाले घरको जिम्मेवारीले विद्यालयको अनुहार पनि देख्न पाइन । जति सुकै दु:ख भए पनि छोराछोरीलाई धेरै पढाउने धोको दुवै जनामा थियो, अझैसम्म छ पनि । उनीहरूले छोराछोरीलाई संसार चिनाउने सङ्कल्प गरेर शहर पठाएका हुन् । गाउँमा हितबहादुर भैंसीको व्यापार गर्छ । गाउँगाउँबाट थारो भैंसी किनेर शहर पठाउने गर्छ । भैंसी व्यापारबाट आएको नाफाले छोराछोरीको पढाइ खर्च र कोठाभाडादेखि खानाखर्च जेनतेन पुगेकै छ । मानिसहरू गाउँमा बस्न नै छोडे । शहरको रमझम र अवसरको खोजीले गाउँ रित्तिँदै गएसँगै गाउँ वृद्ध आश्रम बनेको छ । गाउँमा बस्नेहरूले पनि खेती गर्नै छोडेह गाई भैंसी पाल्न छोडे । त्यसैले हितबादुरको व्यापार पनि घट्यो । छोरीको अस्ट्रेलियाको भिसा लाग्यो । हितबादुरले ऋण र सापटी गरी छोरीलाई विदेश पठायो । छोरोको पनि कक्षा बाह्रको रिजल्ट आयो । उसका सबै साथीहरू विदेशको तयारी गर्दै थिए । एउटा सन्तान नेपालमै, गाउँमै, जहाँ हितबहादुर र पार्वती छन् त्यही बसोस् भन्ने चाहाना दुवैमा थियो । पार्वतीले एकदिन फोनमा कुरा नलुकाई छोरोसँग भनी," बाबू दिदी विदेश गएकी छे तँ हाम्रो सहाराका लागि भए पनि नेपालमै बस है, गाउँ आऊ त हामी भन्दैनौं, तर नेपाल छाडेर कतै नजाऊ है ।" मात्रै यति भनेकी थिई, शहरबाट छोराले झर्किंदै भन्यो, " दिदीले मेरा लागि कमाउने हो र, म तपाईंहरूको लागि आफ्नो जिन्दगी नै बर्बाद पारूँ !" केही नबोली पार्वतीले फोन राखी । के मन लिएर राखी खै थाहा भएन । तर फोनलाई निकै बेर टोलाएर हेरी । लामो खुइ छोडी ! जसका लागि आफ्नो भोको पेटमा पटुका कसेर पढाइयो उसैले आफ्ना आमाबासँग बस्नु जिन्दगी बर्बाद हुने सम्झिने रहेछन् । मनमनै कुरा खेलाई - के भएका आजकाल ठिटाठिटी देशमा बस्नु जिन्दगी बर्बाद हुनु सम्झिन्छन् । छोराको जिद्दीको अगाडि उनीहरू हारे । छोरी विदेश जाँदाको ऋण आधा पनि भएको थिएन फेरि थाप्लो भरी ऋणको भारी बोकाएर छोरो लन्डन उड्यो । छोराछोरी गाउँमै नभए पनि नेपालमै छन् भन्ने झिनो आशाले बाँचिरहेका उनीहरूलाई दुवै सन्तानको सात समुद्र पारीको यात्राले एक्लो महसूस गरायो । घरमा प्राय: साँझ आगो बल्न नै छोड्यो । हितबहादुरको व्यापार ठप्प भयो । घरमा एफएम रेडियोमा बज्ने विभिन्न कार्यक्रम सुन्दै दिन बित्न थाल्यो हितबहादुरको । दुवै एकअर्कालाई हेर्छन् तर कोही केही बोल्न सक्दैनन् । आँखाबाट आँसु झार्छन् । अनि एक अर्कालाई लुकाउँछन् । शायद ती दुईले छोराछोरीलाई बुई बोकेर मेलापात गरेको सम्झँदै छन् । कलिला औंला समाती समाती हिंडाएको दृश्य सम्झँदै छन् । एकदुई रुपियाँ जम्मा गरी काठमाडौं पढ्न पठाएको कुरा याद गर्दै छन् । शुरूशुरूमा विदेशबाट छोराछोरीले दिन बिराएर भिडियो कल गर्थे । बिस्तारै त्यो क्रम घट्दै गयो । दिनपछि हप्ता हुँदै महिनौंसम्म कुराकानी हुन छाड्यो । प्राय: फोन नै उठ्न छाड्योह फोन उठे पनि व्यस्त भएको कारण देखाउँदै छोटो कुरा हुन्थ्यो । दुवै भाइबहिनीले आफू जाँदाको ऋण भने चुक्ता गरे । एक मनले ती बुढाबुढीलाई ढुक्क बनायो । हुन त छोराछोरीले आमाबालाई अलिअलि खर्च नि पठाउँथे । बाआमाको लागि खर्च भन्दा पनि छोराछोरीको कुराकानी, हाँसोठट्टा बढी महत्त्व लाग्ने रहेछ । पाँच-छ वर्षपछि छोरीले उतै विदेशीसँग घरजम गरी । छोरो पनि लन्डनकै बासिन्दा बन्यो । हितबादुर र पार्वती यता दिनप्रतिदिन उमेर र शोकले गर्दा थला पर्दै गए । न विदेशिएका सन्तान फर्किए न सुखका दिन नै फर्कियो । उनीहरूको सुखको घर, सुखको कौसी मात्र कल्पनामै सीमित रह्यो । एक दिन घरको चोटाबाट खसेर हितबहादुरको ढाड भाँच्चियो । राती भएकाले पार्वतीले अस्पताल पुऱ्याउन सकिन । बिहान गाडी आउने बाटोसम्म एक्लै बोकी । गाडीमा राखेर जिल्ला अस्पतालमा पुऱ्याई । त्यहाँ उपचार हुन सकेन । डाक्टरले नजिकैको शहरको अस्पतालमा रिफर गरिदिए । कहिल्यै शहर नछिरेकी पार्वती कुहिरोको काग जस्तै रनभुल्ल परी । हितबहादुरले अस्पतालको बेडमा बारबार भनिरहे- रेडियो मेरो साथी ! तेस्रो दिन नै हितबहादुर पार्वतीलाई एक्लै छाडेर परमधामको यात्रा रोजे । एक्ली पार्वती झनै एक्ली भई । छोरी भर्खरै सुत्केरी भएकाले बुबाको काजकिरियामा पनि आउन नसक्ने जानकारी पठाई । शववाहनको सहायताले हितबहादुरको शव श्मशान घाट पुऱ्याइयो । मरेपछि पनि आफ्नो गाउँको माटो छुन पाएन बिचराले । हिन्दू परम्परा अनुसार दाहासंस्कार भयो । पार्वती घर फर्की एउटा अनिश्चितको बाटो पहिल्याउँदैह उसलाई सब बिरानो लाग्यो ती रूख, ती डाँड, ती पाखा अनि त्यो गाउँ । बुबा बितेको पाचौं दिन मात्रै छोरा आइपुग्यो लन्डनबाट । तेह्र दिनको काजकिरियासम्म आफन्त, छरछिमेकी आए । बिस्तारै घर रित्तिंदै गयो । रुएक महिना नहुँदै छोरो पनि लन्डनमा थुप्रै काम भएको भन्दै घरबाट निस्क्यो । पार्वती छोरोलाई डाँडाले नछेकुन्जेल हेरी । छोराले एकपटक फर्केर पनि हेरेन । पार्वतीलाई आफ्नो बचेरा उडेकोमा दुखी छैन, तर आफू एक्लिएकोमा दुखी साथै डर पनि छ । पीड यति हो, एक पटक पनि पछाडि फर्केर आमालाई केही कुरा गरेन । माया दर्शाएन । भविष्यको सुखको परिकल्पना सम्झाएन । श्रीमानको वियोगमा रित्तिएको आँसु पुन: छोराको बिदाइमा रित्तो भए । डाँको नै छोडेर रोई । उसलाई नरोऊ भनेर थमथम्याउने मान्छे नै थिएन । पहिलो पटक छोरो आफूसँग टाढिंदा पनि यसरी नै रोएकी थिई । त्यो बेला सम्झाएको हितबहादुरको कुरा सम्झी । झन् धित मरुन्जेल रोई शायद अब आँसुको बाढी यसरी नै बारबार आइरहन्छ होला । अब ऊ पूर्णत: एक्ली भई । बेसहारा पार्वती घरको बार्दलीमा श्रीमानको मायाको चिनो रेडियो र छोराछोरीको धमिलो तस्वीर काखमा च्यापेर एक्लै बर्बराउँछे - 'रेडियो मेरो साथी !' कहिले भोकभोकै रात काट्छे । बिरामीको बेला पनि धुमधुमती सुतेरै दिन बिताउँछे । न तातो पानी, न एक गाँस जाउलोको लागि सोध्ने कोही छ । ऊसँग मात्र छ ऊ जस्तै बूढो भएको घर । त्यसले पनि सहारा खोजिरहेको छ । घरले धुरखाँबो र पार्वतीले लड्डीको सहारा खोजेका छन् । परिकल्पनाको सुखको घर भने उसको सपनामा ठडिरहन्छ अझै पनि । छोराछोरीको काखको सिरानीको परिकल्पना कथा भनेरै एकादेशमा पुग्यो । पार्वती अचेल मृत्युको पर्खाइमा छे । घरीघरी भगवानसँगै मृत्युको भिख माग्दै आँसु बगाइरहेकी छ । नितान्त एक्लै छे र बेसहारा प्रणाली जस्तै !

*-साहित्यपोस्ट डटकम*

# आज विश्व बेपत्ता विरुद्धको दिवस मनाइँदै




**पाल्पा,** भदौं १३/बेपत्ता पारिएका व्यक्तिहरूको सम्भनामा शनिबार विश्व बेपत्ता विरुद्धको दिवस मनाइँदैछ । बलपूर्वक बेपत्ता पारिएका व्यक्तिको सम्भनामा सन् १९८१ देखि संयुक्त र ाष्ट्रसंघ र एम्नेष्टी इन्टरनेसनलको सक्रिय भूमिकामा हरेक वर्षको अगस्त ३० तारिखमा विश्वभर यो दिवस मनाउन थालिएको हो ।

दिवस मनाउने क्रमको सुरुआत ल्याटिन अमेरिकी राष्ट्र कोष्टारिकाबाट भएको पाइन्छ । नेपालमा विगतमा भएको १० वर्षे लामो सशस्त्र द्वन्द्वका क्रममा सुरक्षा फौज र माओवादीबाट ठूलो संख्यामा नागरिक बेपत्ता पारिएका थिए । सशस्त्र द्वन्द्वपछि शान्ति सम्झौता भएको लामो समय बितिसक्दा पनि राज्य र विद्रोही पक्षबाट बेपत्ता पारिएका व्यक्तिको वास्तविकता अझै सार्वजनिक भएको छैन । दिवसका अवसरमा मानव अधिकारका क्षेत्रमा कार्यरत संघसंस्थाहरुले बेपत्ता विरुद्धको जनचेतना जगाउने तथा बेपत्ताका परिवारसँगको एक्येबद्धता गर्दै मनाउने गरिएको छ । अन्तर्राष्ट्रिय रुपमा कार्यरत मानवअधिकारवादी संस्था एम्नेस्टी इन्टरनेसनल, संयुक्त राष्ट्रसंघीय मानवाधिकार उच्चायुक्तको कार्यालय, रेडक्रस अन्तर्राष्ट्रिय समिति जस्ता संस्थाले यसबारे विश्वव्यापी रुपमा अभियान गरेर सरकार र विद्रोहीलाई दबाब दिइरहेका छन् । बेपत्ता पारिएका व्यक्तिका आफन्त अझै पनि आफ्ना मान्छेहरु आउने आशामा पर्खिरहेका छन् तर यतिका वर्ष बिति सक्दा पनि नआउँदा पीडा थप बढेको छ । लामो संघर्षपछि राष्ट्रिय सभा र प्रतिनिधि सभाबाट संक्रमणकालिन न्याय सम्बन्धि विधेयक पारित भए पनि त्यसले सत्यतथ्य पत्ता लगाउनेमा पीडितहरु आशावादी भए पनि दोषीलाई कारवाही हुन्छ कि हुँदैन भन्नेमा शङ्का गरेका छन् ।

नेपालमा विगतमा भएको दशवर्षे लामो सशस्त्र द्वन्द्वका क्रममा सुरक्षा फौज र माओवादीबाट ठूलो संख्यामा नागरिक बेपत्ता पारिएको थियो । द्वन्द्वकालीन समयमा नेपालमा ३ हजार ८ सय ८८ जना व्यक्तिहरु बेपत्ता भएको वेपत्ता छानविन आयोगको तथ्याङकमा उल्लेख छ ।

कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा

## विज्ञापन दररेट परिवर्तन भएको सूचना

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मुल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८२ श्रावण १ गतेदेखि लागु हुने गरी यस अघि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

### विज्ञापन दररेट

#### साधारण तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु. ४००/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ३००/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ३५०/ |

#### सरकारी तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु.५५०/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ४५०/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ५००/- |

#### डिस्प्ले

| डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. २००/- (१x५ सि.सि.) |
| राहदानी | रु. ८००/- |

#### अन्य

| ठूलो डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. १५००/- (२x१० सि.सि.) |
| प्वाइन्टर | रु. १०००/- |

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक
कैलाशनगर मिडिया प्रा.लि.
ता.न.पा.-५, कैलाशनगर पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१

## खेलकुद समाचार

### नेपालले आसामलाई फराकिलो अन्तरले हरायो




**काठमाडौं,** भदौ १३/भारतको आसाम क्रिकेट टोलीसँगको दोस्रो टी-२० अभ्यास खेलमा नेपालको 'ए' टोली ९६ रनले विजयी भएको छ । नेपालले दिएको १ सय ७४ रनको लक्ष्य पछ्याएको आसाम १५ ओभर २ बलमा ७७ रनमा अलआउट भयो । आसामका रुहिनन्दन पेगुले सबैभन्दा धेरै १७ रन बनाए । नेपालका युवराज खत्रीले ४, बसिर अहमदले ३ तथा कमलसिंह ऐरी, आकाश चन्द र विवेक यादवले १/१ विकेट लिए । यसअघि गुवाहिटीमा टस जितेर ब्याटिङ गरेको नेपालको 'ए' टोलीले २० ओभरमा ७ विकेट गुमाएर १ सय ७३ रन बनायो । नेपालका सन्दीप जोराले ३५, देव खनाल र पवन सर्राफले समान ३१, बसिर अहमदले २७, विवेक यादवले नटआउट २६ रन बनाए । आसामका आकाश सेनगुप्ताले ३ विकेट लिए । योसँगै ५ खेलको शृङ्खलामा नेपालको 'ए' टोली र आसामबीच १-१ को बराबरी भएको छ । भएको पहिलो खेलमा आसाम विजयी भएको थियो । आसामले दिएको १ सय ९१ रनको लक्ष्य पछ्याएको नेपालले ८ ओभरमा ३ विकेट गुमाएर ६४ रन बनाएको अवस्थामा वर्षाका कारण खेल रोकिएपछि आसाम डीएलएल पद्धतिमा विजयी भएको हो । नेपालका शुभ कंसाकरले नटआउट ३३, कप्तान अनिल शाहले २० रन बनाए । आसामका म्रिनमोए दत्त र अभिलाष गगोईले १/१ विकेट लिए । यसअघि टस हारेर ब्याटिङ गरेको आसामले २० ओभरमा ८ विकेट गुमाएर १ सय ९० रन बनायो ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

### सुनको तोलाकै २ लाख नाघ्यो




**पाल्पा,** भदौ १३/ सुनको मूल्यमा नयाँ कीर्तिमान कायम भएको छ । स्थानीय बजारमा बिहीबारको तुलनामा शुक्रबार सुनचाँदीको मूल्य तोलामा एक हजार दुई सयले वृद्धि भएको छ भने त्यति नै परिमाणको चाँदी पाँचले बढेको छ । नेपाल सुनचाँदी व्यवसायी महासैका अनुसार सुनको मूल्य वृद्धि भएसँगै एक तोला सुनको मूल्य दुई लाख ६ सय निर्धारण भएको छ । त्यति नै परिमाणको चाँदी रु दुई हजार ३सय ६० मा खरिदबिक्री भइरहेको छ ।

यसअघि साउन २४ गते पनि सुनको भाउ १ लाख ९९ हजार ४ सय पुगेको थियो । अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूका अनुसार शुक्रबार प्रतिऔँस सुन ३ हजार ४ सय ८ अमेरिकी डलरमा कारोबार भइरहेको छ । महासंघका अनुसार सुनको भाउ बढ्नुमा मुख्यतया दुई कारण रहेका छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले घोषणा गरेका भन्सार शुल्क अर्थात् ट्यारिफ । अर्को हो, बैंक अफ युकेको ब्याजदर नीति । अमेरिकी राष्ट्रपति ट्रम्पले ९० देशमा भन्सार शुल्क बढाएका छन् । ट्रम्पको नीतिले विश्वको आपूर्ति प्रणाली, मूल्य सञ्जाल र कूटनीतिक सम्बन्धमा समेत असर परेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन् । बैंक अफ युकेले ब्याजदर ० दशमलव २५ प्रतिशत घटाएको छ । बैंकले ब्याजदर ४ दशमलव २५ प्रतिशतबाट घटाएर ४ प्रतिशतमा झारेको अवस्थामा लगानीकर्ता सुनमा आकर्षित भएको देखिन्छ ।

### इँटा उद्योगले...

...एउटा इँटा बनाएर एक रुपैयाँ ३० पैसाका दरले पाउने गरेको उनले बताए । उनीहरू मात्रै होइन तुलसीपुर-१८ विजौरीको जय श्री हनुमान इँटा उद्योगमा एक सय ५० बढीले यसरी काम गरेर आम्दानी लिइरहेका छन् । तीमध्ये अधिकांश दाङवासी रहेका उद्योगका सञ्चालक मोहन घर्तीले बताए । "हामीले स्थानीयस्तरमा रोजगार सिर्जना गर्ने उद्देश्य राखेका छौँ", उनले भने, "नेपालीले गर्न सक्ने कामहरू नेपालीले नै गरिरहनुभएको छ, तर, केही प्राविधिक कामहरुका लागि भने बाहिरबाटै ल्याउनुपर्ने अवस्था छ ।" उनका अनुसार इँटा बोक्नेमा ४०, काँचो इँटा बनाउनेमा ६०, प्रशासनिक काम गर्ने चार, गाडी चालक, सहचालक २६ र रावेश म्यान चार जनाले काम गरिरहेका छन् । त्योबाहेक इँटा पोल्ने काममा कामदार भारतबाट ल्याइएको बताए । त्यो काम गर्नका लागि भारतबाट १६ जना कर्मचारी ल्याइएको उनको भनाइ छ । यस वर्षदेखि वर्षामा पनि सञ्चालन यो उद्योग यस वर्षदेखि वर्षाको समयमा पनि सञ्चालनमा आएको छ । विगतमा यो उद्योग वर्षामा बन्द हुने गरेको थियो । हाल दाङका सबैजसो इँटा उद्योग वर्षामा बन्द हुन्छन् । हाल उक्त उद्योगमा जिगज्याग प्रविधि जडान गरिएको छ । जुन प्रविधि जोड्ने जिल्लाको एउटा मात्रै उद्योग हो । जिगज्याग प्राविधि जडान भएपछि अन्य उद्योगले गर्ने प्रदूषणभन्दा निकै न्यून धुवाँ फाल्ने सञ्चालक घर्तीले बताए । प्रदूषणलाई ख्याल राख्नाका साथै इँटाको माग पूर्ति गर्नका लागि पनि यस्तो कार्य गरिएको उनले बताए । *-रासस*

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्युनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४४४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई